# भक्तपुर नगरपालिकाको बीसौं नगर सभा

## २०८३ असार ७ गते, आइतबार (पहिलो दिन)

१. भक्तपुर नगरपालिकाको बीसौं नगर सभाको उद्घाटन समारोह नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष एवम् वरिष्ठ राजनीतिज्ञ श्री नारायणमान बिजुक्छें (रोहित) ज्यूको प्रमुख आतिथ्यमा सम्पन्न भयो ।

२. बीसौ नगर सभाको उद्घाटन समारोह पश्चात् सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिको अध्यक्षतामा नगर सभाको बैठक बस्यो । बैठकमा उद्घाटन समारोह सफलतापूर्वक सम्पन्न गर्न उपस्थित हुनु हुने प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष एवम् वरिष्ठ राजनीतिज्ञ श्री नारायणमान बिजुक्छें (रोहित) ज्यू, विशेष अतिथि प्रदेश सभाका माननीय सदस्यहरु श्री सुरेन्द्रराज गोसाईज्यू, र श्री सृजना सैंजूज्यू तथा अतिथिहरु ख्वप कलेज अफ इन्जिनियरिङ्गका प्राचार्य श्री सुनिल दुवालज्यू र ख्वप अस्पताल नि.मे.डाइरेक्टर श्री मजेश प्रताप मल्लज्यूप्रति धन्यवादज्ञापन गर्ने देहाय बमोजिमको धन्यवाद ज्ञापन प्रस्ताव सभामा निर्णयार्थ पेश गरी सर्वसम्मतिबाट पारित भएको घोषणा गर्नु भयो :

## धन्यवाद ज्ञापन प्रस्ताव

भक्तपुर नगरपालिकाको २० औं नगरसभाको उद्घाटन समारोह भव्यताका साथ सम्पन्न गर्न आफ्नो अमूल्य समय प्रदान गरी सभाको उद्घाटनसँगै मार्ग निर्देशन गर्नु भएकोमा प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष श्री नारायणमान विजुक्छेँज्यूप्रति हार्दिक धन्यवाद तथा विशेष अतिथि प्रदेश सभाका माननीय सदस्यहरु श्री सुरेन्द्रराज गोसाईंज्यू र श्री सृजना सैंजूज्यू, अतिथिहरु ख्वप कलेज अफ इन्जिनियरिङ्गका प्राचार्य श्री सुनिल दुवालज्यू र ख्वप अस्पतालका नि. डाइरेक्टर डा. मजेश प्रताप मल्लज्यूले सभामा व्यक्त गर्नु भएको अमूल्य सुझाव र विचारको लागि धन्यवाद ज्ञापन गर्ने प्रस्ताव सभा समक्ष निर्णयार्थ पेश गर्दछु ।

३. सभा अध्यक्ष प्रजापतिले सभाको अर्को बैठक २०८३ असार ९ गते, मंगलबार दिनको १:०० बजे बस्ने जानकारी गराउनु भयो ।

# भक्तपुर नगरपालिकाको बीसौं नगर सभा

**२०८३ असार ९ गते, मंगलबार (दोश्रो दिन)**

१. सभाध्यक्ष एवम् नगर प्रमुख **श्री सुनिल प्रजापतिले** भक्तपुर नगरपालिकाको बीसौं नगर सभाको बैठक आरम्भ गर्नुहुँदै भक्तपुर नगरपालिकाको आ.व. २०८३।८४ को नीति तथा कार्यक्रममाथिको छलफल शुरु भएको जानकारी गराउँदै छलफलमा भाग लिन चाहनु हुने सभासद्हरुलाई नाम टिपाउन र नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

२. नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिनु हुँदै सभासद् **श्री हरिरत्न गोर्खाली**ले हाडा छें तिमिलाहरुको घर भनी सुझाव प्राप्त भएकोले अनुसन्धान गरी नामाकरण गर्नुपर्ने, टौमढीको नवदुर्गा द्योछें पुनः निर्माणसँगै भ.न.पा. ७ नासचामा नवदुर्गाको बाजा सिकाउने घर निर्माण गर्नुपर्ने, अन्य आय आर्जन गर्न झर्तिलाको पसल जस्तै अन्य ठाउँहरुमा पनि व्यवस्था गर्नुपर्ने, भनपा ७ स्थित महेश्वरी खेल मैदान र भ.न.पा. २ स्थित शहीद स्मृति खेल मैदान स्तर उन्नति गर्नुपर्ने सुझाव दिनु भयो ।

३. सभासद् **श्री सिद्धि राम अवाल**ले छलफलमा भाग लिनु हुँदै विश्व प्रसिद्ध सुनको ढोका मर्मत गर्नुपर्ने, कालाँचास्थित कुण्ड र खोला सफाई गर्नुपर्ने, नागरिक आरोग्य केन्द्रको स्तरोन्नती गर्न भवन निर्माण गर्नुपर्ने, शिशु स्याहार केन्द्रहरु स्तरोन्नति गर्नुपर्ने, वडा वडामा रहेको स्वास्थ्य केन्द्रहरु व्यवस्थित रुपमा सञ्चालन गर्नुपर्ने, ख्वप अस्पतालको सेवा छिटो छरितो गर्नको लागि डिजिटल प्रविधि प्रयोग गर्नुपर्ने, नगर प्रवेश स्थलहरुमा विशेष सफाई गर्नुपर्ने, कृषि अनुसन्धान केन्द्र स्थापना र कृषि विशेषज्ञहरु उत्पादन गर्नुपर्ने, ख्वप विश्वविद्यालय स्थापना गर्न आवश्यक पहल गर्नुपर्ने र देकोचादेखि खरिपाटी व्यारेक सम्मको खोलामा रिटेनिङ्ग वाल बनाई करिडोर बाटो निर्माण गर्नुपर्ने, प्रत्येक वडा/वडामा खेल मैदानको व्यवस्था गर्नुपर्ने सुझाव दिनुभयो ।

४. छलफलमा भाग लिंदै सभासद् **श्री कृष्णगोपाल चौगुठी**ले बाराही पुलदेखि उत्तर दिशामा रहेको घाटमा रहेको हनुमानको मूर्ति, शितलामाजु, दुई वटा शिव लिङ्ग पुनः निर्माण गर्नुपर्ने साथै भनपा ३ स्थित बाराही स्थानको पाँच वटा शिवलिङ्ग भएको दबु, हनुमान मूर्ति, गणेश मन्दिर, ठूलो हनुमान मूर्ति, राम सिता मूर्ति, भिमसेन मन्दिर, सरस्वती मन्दिर, बद्रिनारायण र कुवा निर्माण गर्नुपर्ने, ९९ चोकभित्र के कति वटा सम्पदा र चोकहरुको विषयमा उत्खनन र अनुसन्धान गर्नुपर्ने, भैलयु क्षेत्रमा खानेपानी डिप बोरिङ्ग गर्नुपर्ने र बारही पिठको इही जग्गे स्थलमा बोरिङ्ग पाइपहरुलाई व्यवस्थित गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

५. सभासद् **श्री नारायण प्रसाद त्वानाबासु**ले युवा लक्षित विभिन्न कार्यक्रम सञ्चालन गर्नुपर्ने, सांस्कृतिक प्रदर्शनी केन्द्र व्यवस्था गरी प्रदर्शनीको थालनी गर्नुपर्ने, शिशु कक्षा र पूर्व प्रा.वि. कक्षा सञ्चालन गर्नु पर्ने, वडाका स्वास्थ्य केन्द्रहरुमा विशेषज्ञ उपचार सेवा विस्तार गर्नुपर्ने, सांस्कृतिक गुरुहरुलाई विद्यालय विद्यालयमा अतिथि शिक्षकको रुपमा कक्षा लिन लगाउनु पर्ने, नगर क्षेत्रका सिमेन्टको गमलाको सट्टामा माटोको गमला राख्नुपर्ने, सहकारी सम्बन्धी सचेतनामूलक कक्षा सञ्चालन गर्नुपर्ने विचार व्यक्त गर्नु भयो ।

६. छलफलमा भाग लिनु हुँदै सभासद् **श्री तारादेवी शाक्य**ले नगरपालिकाबाट सञ्चालित विभिन्न खेलकुद तालिम र गतिविधिहरुको अनुगमन र नियमन गर्नुपर्ने, कृषकहरुलाई कृषि औजार तथा उपकरणमा अनुदान व्यवस्था गर्नुपर्ने, ख्वप अस्पतालमा सेवाग्राहीहरुलाई सहजीकरण गर्न टोकन प्रणाली लागू गर्नुपर्ने, शैक्षिक ऋणको माथिल्लो सीमा सात लाख पुऱ्याउनु पर्ने र ब्याज दर घटाउनु पर्ने, श्री ब्रम्हचारिणी आधारभूत विद्यालयको लागि बजेट विनियोजन गर्नुपर्ने, सडक बत्ती व्यवस्थापनलाई प्रभावकारी बनाउन मालपोत कर संकलनमा प्रत्येक कित्ताबाट रु. ५० का दरले शुल्क संकलन गरी नगरपालिका मार्फत जनशक्तिको व्यवस्थापन गर्नुपर्ने, भनपा. १० कमलविनायकमा बहुउद्देश्यीय भवन निर्माणको लागि आवश्यक बजेट विनियोजन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

७. छलफलमा बोल्नु हुँदै सभासद् **श्री मञ्जु मैया लाखा**ले शैक्षिक संस्था र अनुसन्धानकर्ताहरुसँग सहकार्य गरी भक्तपुर नगरपालिकाको आर्थिक, सामाजिक र सांस्कृतिक अवस्थाको बारेमा अध्ययन अनुसन्धान शुरु गर्नुपर्ने, खेलकुद क्षेत्रमा राष्ट्रिय र अन्तर्राष्ट्रिय पदक प्राप्त गर्ने खेलाडीहरुलाई विद्यालय तथा कलेजहरुमा छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने, दरवार स्क्वार क्षेत्रमा डस्ट्बीनको संख्या बढाउनु पर्ने, स्वास्थ्य केन्द्रहरुमा जान नसक्ने जेष्ठ नागरिकलाई घर घरमा पुगेर सेवा दिनु पर्ने, सहकारी संस्थाहरुलाई विनियम पुनरलेखन गर्न आवश्यक सहजीकरण गर्नुपर्ने, सहकारी संस्थाहरुको मासिक र वार्षिक प्रतिवेदन अनलाईन मार्फत बुझाउने व्यवस्था गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

८. छलफलमा बोल्नुहुँदै सभासद **श्री गोविन्द दुवालले** व्यासीदेखि कमलविनायकसम्मको बाटोमा उचित ट्राफिक व्यवस्थापन गरी ट्राफिक जाम हटाउनु पर्ने, देकोचादेखि ढौँलासम्मको खोलामा टेवा पर्खाल र खोला किनारमा सडक निर्माण गरी वैकल्पिक सडक व्यवस्था गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

९. सभा अध्यक्ष श्री प्रजापतिले नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिनु भएका ७ जना सभासदहरुले उठाउनु भएका विभिन्न विषयहरुमा प्रष्ट पार्नुभयो ।

१०. सभाध्यक्ष प्रजापतिले भक्तपुर नगरपालिकाको आ.व. ०८३।८४ को नीति तथा कार्यक्रम पारित गर्ने प्रस्ताव सभामा पेश गर्नुभयो र **भक्तपुर नगरपालिकाको आ.व.०८३।८४ को नीति तथा कार्यक्रम** सर्वसम्मतिबाट पारित भएको घोषणा गर्नुभयो ।

११. सभाध्यक्ष प्रजापतिले सभाको अर्को बैठक मिति २०८३।०३।१० गते, बुधबार दिनको १:०० बजे बस्ने जानकारी गराउनु भयो ।

**मिति २०८३ असार १० गते बुधबार (तेश्रो दिन)**

१. सभाध्यक्ष एवम् नगर प्रमुख श्री सुनिल प्रजापतिज्यूबाट तेश्रो दिनको बैठक शुरु गर्नुहुँदै बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक एवम् उपप्रमुख श्री रजनी जोशीलाई भक्तपुर नगरपालिकाको आ.व.०८३।८४ को वार्षिक बजेट सभा समक्ष पेश गर्न समय प्रदान गर्नुभयो र संयोजक जोशीले भक्तपुर नगरपालिकाको आ.व.२०८३।८४ को अनुमानित **रु २ अर्ब ५५ करोड** को आय व्यय विवरण सहितको बजेट सभा समक्ष प्रस्तुत गर्नुभयो ।

२. सभाध्यक्ष श्री प्रजापतिबाट बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक तथा उप प्रमुख श्री रजनी जोशीले भक्तपुर नगरपालिकाको आर्थिक विधेयक, २०८३ सभा समक्ष पेश गर्न समय प्रदान गर्नु भयो ।

३. सभाध्यक्ष श्री प्रजापतिबाट समय प्राप्त गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक तथा उप प्रमुख श्री रजनी जोशीले भक्तपुर नगरपालिकाको आर्थिक विधेयक, २०८३ सभा समक्ष पेश गर्नु भयो ।

४. सभाध्यक्ष श्री प्रजापतिबाट बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक तथा उप प्रमुख श्री रजनी जोशीले भक्तपुर नगरपालिकाको विनियोजन विधेयक, २०८३ सभा समक्ष पेश गर्न समय प्रदान गर्नु भयो ।

५. सभाध्यक्ष श्री प्रजापतिबाट समय प्राप्त गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक तथा उपप्रमुख श्री रजनी जोशीले भक्तपुर नगरपालिकाको भक्तपुर नगरपालिकाको विनियोजन विधेयक, २०८३ सभा समक्ष पेश गर्नु भयो ।

६.सभाध्यक्ष श्री प्रजापतिले सभाको अर्को बैठक मिति २०८३।०३।१२ गते, शुक्रबार दिनको १:०० बजे बस्ने जानकारी गराउनु भयो ।

## भक्तपुर नगरपालिकाको बीसौं नगर सभा (चौथो दिन)

## २०८३ असार १२ गते, शुक्रबार

१. सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिले बीसौं नगर सभाको चौथो दिनको बैठक शुरु गर्नु हुँदै विशेष समयको व्यवस्था भएको जानकारी गराउनु भयो र विशेष समयको छलफलमा भाग लिन चाहने सभासदहरुले नाम टिपाउन र नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

२. विशेष समयको छलफलमा भाग लिनु हुँदै **सभासद श्री राम सुन्दर बासी**ले नगर सभाको उद्‌घाटन समारोहमा केही कमी कमजोरी रहेको हुँदा यसको सम्बोधन गरी भविष्यमा हुने कार्यक्रमहरुलाई अझ व्यवस्थित गर्नुपर्ने विचार व्यक्त गर्नु भयो ।

३. विशेष समयको छलफलमा भाग लिनु हुँदै **सभासद श्री जितेन्द्र मुनंकर्मी**ले नगरका सबै क्षेत्रहरुमा खानेपानी वितरणको व्यवस्था मिलाउन आवश्यक पहल गर्नुपर्ने र सिलकेको फोहर व्यवस्थापन व्यवस्थित रुपमा सञ्चालन गर्नुपर्ने सुझाव दिनु भयो ।

४. विशेष समयको छलफलमा भाग लिनु हुँदै **सभासद श्री सितादेवी नेपाली**ले सामुदायिक कुकुरहरु व्यवस्थिचत गर्नुपर्ने र खानेपानी वितरण व्यवस्थित गर्न पहल गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

५. विशेष समयको छलफलमा भाग लिनु हुंदै **सभासद श्री रिता फसिकवा**ले भक्तपुर दरवार क्षेत्रका विश्व सम्पदामा सुचिकृत स्मारकहरुको महत्वबारे सचेतना गराई यसको नियमित मर्मत संभार गर्नुपर्ने, सार्वजनिक स्थलमा हुने अवाञ्छित गतिविधि नियन्त्रण गर्नुपर्ने र मूर्त सम्पदाहरुको दुरुपयोग रोक्नु पर्ने विचार व्यक्त गर्नुभयो ।

६. छलफलमा भाग लिनु हुंदै **सभासद श्री कल्पना शिल्पकार**ले सडक बत्ती व्यवस्थित गर्नुपर्ने, सिद्ध पोखरी जीर्णोद्धार कार्यमा यस नगरपालिकाका जनप्रतिनिधिहरुले पनि श्रमदान गर्नुपर्ने, नगरका प्रवेश द्वारहरुको फोहर व्यवस्थापन गर्नुपर्ने, च्वङा गणेश क्षेत्र सार्वजनिक क्षेत्र बनाउन पहल गर्नुपर्ने, रानी पोखरी र भाज्या

पोखरी परिसरमा सार्वजनिक शौचालय र पार्किङ्ग व्यवस्था गर्नुपर्ने, सिद्ध पोखरीको उत्तरतर्फको खेल मैदान नगरवासी खेलाडीहरुले पनि खेल्न पाउनको लागि पहल गर्नुपर्ने, भनपा हनुमान पाटी क्षेत्रको ढल व्यवस्थापन गर्नुपर्ने, नगरको सडकका खाल्डा खुल्डीहरु तत्काल मर्मत संभार गर्नुपर्ने र लागू पदार्थ दुर्व्यशनीहरुलाई व्यवस्थापन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

७. छलफलमा भाग लिनु हुँदै **सभासद श्री सुमित्रा बोहजु**ले आदर निकेतन सञ्चालन गरी टोल टोलका जेष्ठ नागरिकहरुलाई सुविधा दिनुपर्ने, सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरवन्दी व्यवस्था गर्न पहल गर्नुपर्ने, प्रौढ शिक्षा सञ्चालन गर्नुपर्ने, हाइड्रोपोनिक प्रविधिबाट कृषि उत्पादन गर्न प्रविधि हस्तान्तरण व्यवस्था मिलाउनु पर्ने, कृषकहरुलाई विउ विजन वितरण कार्यक्रमलाई निरन्तरता दिनुपर्ने, नेपाल सरकार र नगरपालिकाको खोलाको मापदण्डमा एकरुपता ल्याउनु पर्ने, नयाँ बस्तीहरुमा सुरक्षित बाल उद्यानहरु निर्माण गर्नुपर्ने, निर्वाचन प्रतिवद्धता अनुसार पौडी पोखरी निर्माण गर्नुपर्ने, घर दैलो नर्सिङ्ग सेवालाई थप प्रभावकारी बनाउनु पर्ने, जिल्लाका अन्य नगरपालिकाको कर दर र भक्तपुर नगरपालिकाको कर दरमा भएको भिन्नताको विषयमा अध्ययन गरी अध्यावधिक गर्नुपर्ने, बौद्धिक अपाङ्गता भएका भएका व्यक्ति लक्षित कार्यक्रम सञ्चालन गर्नुपर्ने, जनप्रतिनिधि र कर्मचारीहरुको लागि आवश्यक तालिम सञ्चालन गर्नुपर्ने सुझाव दिनु भयो ।

८. छलफलमा भाग लिनु हुँदै **सभासद श्री विष्णु केशरी दुवाल**ले भनपा ४ स्थित इखालाछी मठभित्र परेका दुई जना निजी घरधनीहरुलाई उचित क्षतिपूर्ति दिई इखालाछी मठ पुनः निर्माण व्यवस्थित गर्नुपर्ने, तालाक्व दम्फोस्थित कपालीहरुको घर अधिग्रहण गरी निजहरुलाई अन्यत्र जग्गाको व्यवस्थापन गरी तालाक्व दम्फोलाई धार्मिक एवम् पर्यटकीय स्थलको रुपमा विकास गर्नुपर्ने, मंगलाछेंस्थित मल्लकालीन तक्सार

रहेको स्थान र संरचना संरक्षण गर्नुपर्ने, मंगलाछें र दुमलाचाको बीचमा रहेको बलमपली चोकको तलेजुको आगंछें संरक्षण गर्नुपर्ने, भनपा ४ लाब्छेँस्थित नगरपालिकाले पुनः निर्माण गरेको हाडा छें जोडिएको जग्गा विक्रीमा रहेको हुँदा उक्त जग्गा खरिद गरी हाडा छें परिसरलाई थप व्यवस्थित गर्नुपर्ने र राम मन्दिर

खोला छेउमा आवत जावत गर्ने महिलाहरुलाई दुर्व्यवहार गर्ने उच्छृखंल युवाहरुलाई आवश्यक कार्वाही गर्न पहल गर्नुपर्ने विचार व्यक्त गर्नु भयो ।

९. छलफलमा भाग लिनु हुंदै **सभासद श्री मन्जु मैया लाखा**ले नेपाल क्रान्तिकारी महिला संघका पूर्व केन्द्रीय उपाध्यक्ष स्व. का. शोभा प्रधानको योगदानको स्मरण गर्नुभयो । उहाँले नगरपालिकाद्वारा सञ्चालित ख्वप टेलिभिजन र नगरपालिकाको फेसबुक पेजमा वडा वडाका गतिविधिहरु पनि प्रसारण र प्रकाशन गर्नुपर्ने, मिति २०८३।३।१० गते मित्र राष्ट्र भेनेजुयलामा गएको विनाशकारी भूकम्पबाट पीडित भेनेजुयाली जनताप्रति ऐक्यवद्धता जनाउँदै राहत वितरणमा सहयोग गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

१०. छलफलमा भाग लिनु हुंदै **सभासद श्री कृष्ण नारायण दुमरु**ले श्री ब्रम्हचारणी आधारभूत विद्यालय भवन निर्माण कार्य सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गर्नुपर्ने, कमलविनायक आवास क्षेत्रका सडक पीच निर्माण कार्यलाई प्राथमिकतामा राखी बजेट छुट्याउनु पर्ने, भनपा १० वडामा रहेका राजकुलोहरुको संरक्षण, स्तरोन्नती र नियमित मर्मत संभारको लागि बजेट व्यवस्था गर्नुपर्ने, विस्तारित नगर क्षेत्रमा फोहर संकलन नियमित र व्यवस्थित गर्नुपर्ने, मर्मत शाखाबाट हुने मर्मत सम्बन्धी कार्यहरु नगरका सबै वडाहरुमा समानुपातिक ढंगले सञ्चालन गर्नुपर्ने, पाइपलाइनमा भइरहेको ढलको लागि पाइप विछ्याउने कार्यबाट खानेपानीको पाइप लाईन फुटेको ठाउँमा तत्काल मर्मत गराउन आवश्यक पहल गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

११. **सभासद् श्री सिद्धिराम अवाल**ले भनपा वडा नं. ६ को प्राविधिक कर्मचारी बिरामी भएकोले अर्को कर्मचारीको व्यवस्थापन गर्नुपर्ने, नगरका सबै क्षेत्रमा मेलम्चीको खानेपानी वितरण गर्न आवश्यक पहल गर्नुपर्ने, कर्मचारीहरुलाई दण्ड र पुरस्कारको व्यवस्था गर्नुपर्ने, नगरपालिकाका सबै गतिविधिहरु छायांकन र फोटो खिच्ने व्यवस्था मिलाउनु पर्ने, खौमास्थित ऐतिहासिक मल्लकालीन निजी घर संरक्षण गर्नुपर्ने सुझाव दिनु भयो ।

१२. **सभासद श्री ज्ञानबहादुर मानन्धर**ले तुमचो दुगुरे जग्गा एकीकरण आयोजनाको सडक पेटीमा ब्लक छाप्न आवश्यक बजेट विनियोजन गर्नुपर्ने र योजनाका शाखाका कर्मचारीहरुलाई जिम्मेवार बनाउनु पर्ने विचार व्यक्त गर्नुभयो ।

१३. **सभासद श्री इन्द्रबहादुर प्याथ**ले नगरका सबै पुरानो क्षेत्रमा खानेपानी व्यवस्था गर्नूपर्ने, तुमचो दुगुरे आवास क्षेत्रमा मेलम्चीको खानेपानी वितरण व्यवस्था मिलाउनु पर्ने, नगर प्रहरीलाई प्रभावकारी ढंगले परिचालन गर्नुपर्ने, लागू पदार्थ दुर्व्यसनीहरुलाई नियन्त्रण गर्नुपर्ने, नगरमा व्यवस्था गरेका गमलाका विरुवाहरुको संरक्षण गर्नुपर्ने, ख्वप अस्पतालको इर्मजेन्सी वार्डमा अनुभवी र विशेषज्ञ डाक्टरको व्यवस्था गर्नुपर्ने, ख्वप अस्पतालमा पर्याप्त नर्सहरुको व्यवस्था गर्नुपर्ने, ख्वप अस्पतालमा हेयरिङ्ग पावर जाँच्ने मेशिनको पनि व्यवस्था गर्नुपर्ने र कम्पोष्ट मल उत्पादन गर्ने उद्योगहरु दर्ता गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

१४. **सभासद श्री कृष्णलाल किसी**ले जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र विरामी भएका घरमा नियमित घरदैलो नर्सिङ्ग सेवा उपलब्ध गराउनु पर्ने, भनपा वडा नं. ८ लर्केको सार्वजनिक सत्तलको जग्गा संरक्षण गरी नगरवासीको हितमा सदुपयोग गर्नुपर्ने, जैविक विषादी सम्बन्धी तालिम दिनु पर्ने, ढल निकास विस्तारको लागि बजेट व्यवस्था गर्नुपर्ने, 'एक विद्यालय एक करेसा बारी' योजना ल्याउनु पर्ने, खोला किनारको पीआइडीले राखेको ढल आवश्यक समन्वय गरी सञ्चालन गर्नुपर्ने, जगातिको पर्ति जग्गा संरक्षण गरी खुल्ला व्यायाम शाला राख्नु पर्ने, अरनिको राजमार्गबाट लर्के खोलासम्मको चलन चल्तीको बाटो खोल्न पहल गर्नुपर्ने, भनपा वडा नं. ८ स्थित महेन्द्र आधारभूत विद्यालय पछाडिबाट मेतँसम्मको चलन चल्तीको बाटो खोल्नु पर्ने विचार व्यक्त गर्नुभयो ।

१५. **सभासद श्री हरिरत्न गोर्खाली**ले गुठीको जग्गामा मोहीयानी हक खोसिने गरी व्यवस्था गरेको २०८२ फागुन १२ गतेको मन्त्रीस्तरीय निर्णय खारेज गराउन पहल गर्नुपर्ने, अनियमित निर्माण तत्काल रोक्न निरीक्षकहरुलाई जिम्मेवार बनाउनु पर्ने, खानेपानी वितरणलाई व्यवस्थित गर्न काउखालीलाई जिम्मेवार बनाउनु पर्ने सुझाव दिनु भयो ।

१६ **सभासद श्री सूर्यप्रसाद श्रेष्ठ**ले हनुमन्ते खोलामा निर्माण भइरहेको टेवा पर्खाल सम्बन्धी विवाद समाधान गर्नुपर्ने, नगरका चोक र सडकमा सडक बत्ती र सीसी क्यामरा जडान गर्नुपर्ने, सामुदायिक विद्यालयको भौतिक र शैक्षिक स्तर उकास्न नगरपालिकाबाट आवश्यक सहयोग गर्नुपर्ने, संघ र प्रदेश सरकारको बजेटबाट हुने विकास निर्माण कार्यमा नगरपालिकाबाट प्राविधिक खटाई गुणस्तर कायम गराउनु पर्ने, सार्वजनिक शौचालय राति पनि खोल्ने व्यवस्था मिलाउनु पर्ने, अनियमित निर्माण भएका घर टहरालाई नगरपालिकाबाट दिइने सेवा सुविधाबाट बञ्चित गर्नुपर्ने, सडक मापदण्ड नमिचिएका र छिमेकीलाई मर्का नपर्ने किसिमका घरहरुलाई प्रक्रिया पुऱ्याई निर्माण सम्पन्न प्रमाणपत्र दिने व्यवस्था गर्नुपर्ने, नगरका सबै व्यापार व्यवसाय अनिवार्य दर्ता गराई घर भाडा कर समेत लिनुपर्ने, पर्याप्त पार्किङ्ग व्यवस्था गर्नुपर्ने, सडक बत्ती व्यवस्थाको लागि वडा वडामै बजेट पठाउनु पर्ने, ध्वनी, धुवाँ प्रदुषण नियन्त्रण गर्न आवश्यक प्रविधि प्रयोग गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

१७ **सभासद श्री कृष्ण सुन्दर प्रजापति**ले परम्परागत सीपमा आधारित पेशालाई संरक्षण गर्नुपर्ने, तालाक्वमा रहेको माटोको भाडा पोल्ने चुल्होलाई सुधार्नु पर्ने, माटोको भाडा बनाउन आवश्यक माटो अन्य पालिकाबाट ल्याउनु पर्ने भएकोले त्यसको लागि आवश्यक सिफारिस गर्नुपर्ने र बुलुचाको ढुंगेधाराको जाम खोल्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

१८ **सभासद श्री श्यामसुन्दर मातां**ले भनपा २ नं. वडा कार्यालयको लागि प्रशासन सहायक र प्राविधिक सहायक कर्मचारी व्यवस्था गर्नुपर्ने, सहकारी शाखामा थप एक जना कर्मचारी व्यवस्था गर्नुपर्ने, नगरका सबै वडामा बहाल कर सम्बन्धी नियममा एकरुपता ल्याउनु पर्ने, कर चुक्ता नगरी सिफारिस नदिने व्यवस्था मिलाउनु पर्ने, भनपा २ नं. वडा कार्यालयमा रहेको पर्यटक प्रहरीको कार्यालय स्थानन्तरण गर्नुपर्ने, कासन खोलामा टेवा पर्खाल निर्माण गर्न नापी कार्यालयसँग समन्वय गरी सिमांकन गर्नुपर्ने, भनपा २ खौमास्थित जागृति मा.वि. स्थानान्तरण गर्नुपर्ने, साविक भनपा १५ नं. वडा कार्यालय भवन सदुपयोग

गर्नुपर्ने, जग्गा भएका आधारमा बसाई सराई गराउन नहुने र भौखेलस्थित नगरपालिकाको स्वामित्वमा रहेको जग्गा सदुपयोग गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

१९ **सभासद श्री गोविन्द दुवाल**ले नगरका सबै क्षेत्रहरुमा समानुपातिक ढंगले खानपानीको व्यवस्था मिलाउनु पर्ने, गड्गडे खोलाको पानी नगरकोटमा ल्याउन आवश्यक सुरुङ्ग व्यवस्था गर्न पहल गर्नुपर्ने, ढोलाँदेखि देकोचासम्मको खोला किनारमा बाटो निर्माण गर्नुपर्ने र मूलालाँमा आवास आयोजना सञ्चालन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

२०. सभा अध्यक्ष श्री प्रजापतिले बैठक आधा घण्टाको लागि स्थगित भएको जानकारी गराउनु भयो ।

२१. सभा अध्यक्ष श्री प्रजापतिले बैठक पुनः शुरु गर्नु हुँदै आ.व. २०८३/०८४ को बजेटमाथिको छलफल आरम्भ भएको जानकारी गराउन हुँदै छलफलमा भाग लिन चाहने सभासदहरुले नाम टिपाउन र नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

२२. छलफलमा भाग लिनु हुँदै **सभासद श्री हरिरत्न गोर्खाली**ले बजेटमा कार, भ्यानलाई रु.४००।- जरिवान लिने उल्लेख भए जस्तै  छ पांग्रे, आठ पांग्रे, दश पांग्रे र बाह्र पांग्रे सवारी साधनलाई पनि क्रमशः ८००।,१,०००।-, १,२००।- र १,५००।- जरिवाना लिनु पर्ने सुझाव दिनु भयो ।

२३. छलफलमा भाग लिनु हुँदै **सभासद श्री सिद्धिराम अवाल**ले भनपा ६ वडामा शिशु स्याहार भवन निर्माण गर्न बजेट व्यवस्था गर्नुपर्ने, चोछेँ टोलमा रहेको बालबोध शान्ति विद्यालयको भवन पुनः निर्माण गर्न बजेट व्यवस्था गर्नुपर्ने, कासनदेखि ढोंलाँ ब्यारेक तलसम्म टेवा पर्खाल र खोला किनारको बाटो निर्माण गर्न बजेट व्यवस्था गर्नुपर्ने, अनलाईन सफाई शुल्क र अन्य कर संकलन व्यवस्था गर्नुपर्ने, शिशु स्याहार मासिक शुल्क समय सापेक्ष वृद्धि गर्नुपर्ने, आदर निकेतन शुल्क पनि बढाउनु पर्ने, कृषि क्षेत्रको लागि पर्याप्त बजेट छुट्याउनु पर्ने सुझाव दिनु भयो ।

२४. छलफलमा भाग लिनु हुँदै **सभासद श्री इन्द्र बहादुर प्याथ**ले ब्रम्हायणीदेखि खोला किनारबाट मात्र मालबाहक गाडीहरु आवत जावत व्यवस्था मिलाउन टेवा पर्खाल बनाउन बजेट व्यवस्था गर्नुपर्ने, ऐतिहासिक

ब्रम्हायणी मन्दिर मौलिक शैलीबाट पुनः निर्माण गर्न बजेट विनियोजन गर्नुपर्ने, देकोचादेखि लान्चा फल्चासम्मको सवारी जाम हटाउन बैकल्पिक बाटो निर्माणको लागि बजेट छुट्याउनु पर्ने, विद्यालय र अस्पताल क्षेत्रमा ट्राफिक व्यवस्थापनको लागि ट्राफिक कार्यालयसँग समन्वय गरी आवश्यक ठाउँमा ट्राफिक लाईटको व्यवस्था गर्नु पर्ने विचार व्यक्त गर्नुभयो ।

२५. छलफलमा भाग लिनु हुँदै **सभासद श्री श्याम सुन्दर माता**ंले कर दायरा बढाउनु पर्ने, देको मिवा इतापाके जग्गा एकीकरण आयोजना क्षेत्रमा भौतिक निर्माणको लागि पर्याप्त बजेट छुट्याउनु पर्ने, पशु वधशाला निर्माणको लागि बजेट राख्नु पर्ने, कृषि अनुसन्धान केन्द्रको लागि बजेट छुट्याउनु पर्ने, तरकारी बजार नगरका अन्य स्थानमा पनि बनाउनु पर्ने, सामुदायिक कुकुर नियन्त्रण गर्न आवश्यक व्यवस्था गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

२६. छलफलमा भाग लिनु हुँदै **सभासद श्री पुरुषोत्तम तमखु**ले केटामरु घाटमा पुल बनाउनु पर्ने, लिवाली आवास योजनामा टेवा पर्खाल र बाटो बनाउनु पर्ने, प्रदेश सरकार र संघीय सरकारबाट आउने बजेटलाई फिर्ता नजाने गरी समयमै आयोजना सञ्चालन गरी सदुपयोग गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

२७. छलफलमा भाग लिनु हुँदै **सभासद श्री नारायण प्रसाद त्वानाबासु**ले आ.व. २०८२/०८३ को बजेटको हालसम्म ५६ प्रतिशत मात्र खर्च भएकोले असारमा मात्रै धेरै प्रतिशत खर्च बढ्ने देखिएकोले समयमै योजना सञ्चालन र भुक्तानी व्यवस्था गर्नुपर्ने, आवास योजनाबाट ७ करोड अनुमान गरिएको स्रोत सुनिश्चित गर्नुपर्ने, जग्गा खरिदमा बजेट कम भएको, आर्थिक विधेयकमा कर शीर्षक अनुसार कर दर फरक फरक बनाउनु पर्ने, लिखत प्रमाणीकरण दस्तुर पुनर्विचार गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

२८. छलफलमा भाग लिनु हुँदै **सभासद श्री रामसुन्दर बासी**ले आ.व. २०८३/०८४ को बजेटमा मानवीय सुरक्षा, शिक्षा, मनोरञ्जन, चेतना विकास, रोजगार, अपाङ्गता लक्षित कार्यक्रम र आर्थिक उत्पादन लगायतका क्षेत्रमा बजेट विनियोजन गर्नुपर्ने विचार राख्नु भयो ।

२९. सभा अध्यक्ष प्रजापतिले सभामा आ.व. २०८३/०८४ को बजेटमाथिको छलफलमा उठेका केही विषयहरु बारे प्रष्ट पार्नु हुँदै भक्तपुर नगरपालिकाको शैक्षिक ऋण दिने सम्बन्धमा बनेको निर्देशिका २०७५ मा तेश्रो

संशोधन विधेयक, २०८३ प्रस्तुत गर्न विधायन समितिका संयोजक श्री हरेराम सुवाललाई समय प्रदान गर्नु भयो र संयोजक सुवालले उक्त संशोधन प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नु भयो ।

३०. सभाको अर्को बैठक मिति २०८२।३।१५ गते, सोमबार दिनको १:०० बजे बस्ने जानकारी गराउनु भयो ।

**भक्तपुर नगरपालिकाको बीसौ नगर सभा (पाँचौं दिन)**
**२०८३ असार १५ गते, सोमबार**

१. सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिले बीसौं नगर सभाको पाँचौं दिनको बैठक शुरु गर्नु हुँदै विशेष समयमा सभासदहरुले उठाउनु भएका विषयमा प्रष्ट पार्न देहाय बमोजिमका सम्बन्धित समितिका पदाधिकारीहरुलाई समय प्रदान गर्नुभयो । समय प्राप्त गरी निम्न विषयमा निम्न पदाधिकारीहरुले प्रष्ट पार्नुभयो :

क. आर्थिक समिति र देको–मिवा–इतापाके जग्गा एकीकरण आयोजनाबारे : श्री हरि प्रसाद बासुकला

ख. निर्माण समिति : श्री उकेश कवां

ग. युवा तथा खेलकुद समिति : श्री श्यामकृष्ण खत्री

घ. वातावरण तथा पर्यटन समिति : श्री रविन्द्र ज्याख्व

ङ. बजार अनुगमन समिति/कृषि समिति : श्री राजकृष्ण गोरा

च. विधायन समिति : श्री हरिराम सुवाल

छ. इखालाछी मठ र हाडा छें : श्री उपेन्द्र सुवाल

२. सभा अध्यक्ष प्रजापतिले **'भक्तपुर नगरपालिकाको शैक्षिक ऋण दिने सम्बन्धमा बनेको निर्देशिका २०७५'मा तेश्रो संशोधन विधेयक २०८३'** माथि छलफल आरम्भ गर्नु हुँदै छलफलमा भाग लिन चाहनु हुने सभासदहरुको नाम टिपाउन र नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

३. छलफलमा कुनै सभासदहरुले भाग नलिएपछि उक्त संशोधन विधेयक पारित गर्न सभामा निर्णयार्थ पेश गर्नु भयो र सर्वसम्मतिबाट **'भक्तपुर नगरपालिकाको शैक्षिक ऋण दिने सम्बन्धमा बनेको निर्देशिका २०७५'मा तेश्रो संशोधन विधेयक २०८३'** पारित भएको घोषणा गर्नुभयो ।

४. सभा अध्यक्ष प्रजापतिले लेखा समितिका संयोजक हरिप्रसाद बासुकलालाई **भक्तपुर नगरपालिकाको आ.व. २०८३/८४ को खरिद योजना** प्रस्तुत गर्न समय प्रदान गर्नुभयो र संयोजक बासुकलाले उक्त प्रस्ताव सभा समक्ष पेश गर्नुभयो ।

५. सभा अध्यक्ष श्री प्रजापतिले न्यायिक समितिको प्रतिवेदन पेश गर्न समितिका सदस्य श्री हरिराम सुवाललाई समय प्रदान गर्नुभयो र सदस्य श्री सुवालले उक्त प्रतिवेदन सभामा पेश गर्नुभयो ।

६. सभा अध्यक्ष श्री प्रजापतिले लेखा समितिका संयोजक श्री हरिप्रसाद बासुकलालाई महालेखा परीक्षकको कार्यालयबाट औंल्याएको बेरुजु फछ्र्यौट सम्बन्धी प्रस्ताव पेश गर्न समय प्रदान गर्नुभयो र संयोजक श्री बासुकलाले उक्त प्रस्ताव सभा समक्ष पेश गर्नुभयो ।

७. सभा अध्यक्ष श्री प्रजापतिबाट सभा आधा घण्टाको लागि स्थागित भएको जानकारी गराउनु भयो ।

८. सभा अध्यक्ष श्री प्रजापतिले सभाको बैठक पुनः शुरु गर्नु हुँदै बजेट तर्जुमा समितिका संयोजक एवम् उपप्रमुख श्री रजनी जोशीलाई भक्तपुर नगरपालिकाको आ.व. २०८३/०८४ को बजेटमाथिको छलफलमा सभासदहरुले उठाउनु भएको विषयमा प्रष्ट पार्न समय प्रदान गर्नुभयो र संयोजक श्री जोशीले सभासदहरुले उठाउनु भएका विषयहरुमा प्रष्ट पार्नुभयो ।

९. सभा अध्यक्ष श्री प्रजापतिले भक्तपुर नगरपालिकाको आर्थिक विधेयक, २०८३, विनियोजन विधेयक, २०८३ सहित आ.व. २०८३/०८४ को बजेट पारित गर्ने प्रस्ताव सभा समक्ष पेश गर्नुभयो र सर्वसम्मतिबाट भक्तपुर नगरपालिकाको आर्थिक विधेयक, २०८३, विनियोजन विधेयक, २०८३ सहित आ.व. २०८३/०८४ को बजेट पारित भएको घोषणा गर्नुभयो ।

१०. सभा अध्यक्ष श्री प्रजापतिले बीसौं नगर सभाको अर्को बैठक सूचना जारी गरी बस्ने जानकारी गराउनु भयो ।

**भक्तपुर नगरपालिकाको बीसौं नगर सभा (छैटौ दिन)**

**२०८३ असार २९ गते, सोमबार**

१. सभाध्यक्ष श्री प्रजापतिबाट बीसौं नगर सभामा बैठक शुरु गर्नु हुंदै लेखा समितिका संयोजक श्री हरि प्रसाद बासुकलालाई महालेखा परीक्षकको कार्यालयबाट औंल्याइएका बेरुजु फछ्र्यौट सम्बन्धी **भक्तपुर नगरपालिकाको लेखा समितिको प्रतिवेदन २०८३** सभा समक्ष प्रस्तुत गर्न समय प्रदान गर्नु भयो र संयोजक बासुकलाले उक्त प्रतिवेदन सभामा प्रस्तुत गर्नु भयो ।

२. सभा अध्यक्ष श्री प्रजापतिले लेखा समितिका संयोजक श्री हरि प्रसाद बासुकलाले पेश गर्नुभएको **भक्तपुर नगरपालिकाको लेखा समितिको प्रतिवेदन, २०८३** पारित गर्ने प्रस्ताव सभा समक्ष पेश गर्नु भयो र देहाय बमोजिमको` **भक्तपुर नगरपालिकाको लेखा समितिको प्रतिवेदन, २०८३** सर्वसम्मतिबाट पारित भएको घोषणा गर्नु भयो ।

३. सभा अध्यक्ष श्री प्रजापतिले **भक्तपुर नगरपालिकाको आ.व. २०८३/०८४ को खरिद गुरु योजना र वार्षिक खरिद योजना** पारित गर्ने प्रस्ताव सभा समक्ष पेश गर्नुभयो र उक्त खरिद गुरु योजना र वार्षिक खरिद योजना प्रस्ताव सर्वसम्मतिबाट पारित भएको घोषणा गर्नुभयो ।

४. सभा अध्यक्ष श्री प्रजापतिले विधायन समितिका संयोजक श्री हरि राम सुवाललाई **भक्तपुर नगरपालिकाबाट कर तथा गैर कर राजस्व लगाउने र उठाउने स्म्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८३** सभामा प्रस्तुत गर्न समय प्रदान गर्नुभयो र संयोजक सुवालले उक्त ऐन सभामा प्रस्तुत गर्नु भयो ।

५. सभा अध्यक्ष श्री प्रजापतिले देको, मिवा, इतापाके जग्गा एकीकरण आयोजना सम्बन्धी घर लाईन र साविक क्षेत्रफल बमोजिम नक्सा पास सम्बन्धी प्रस्ताव प्रस्तुत गर्न भनपा २ नं. वडाका वडाअध्यक्ष श्री हरिप्रसाद बासुकलालाई समय प्रदान गर्नुभयो र वडा अध्यक्ष श्री बासकुलाले उक्त प्रस्ताव सभा समक्ष पेश गर्नुभयो ।

६. सभा अध्यक्ष श्री प्रजापतिले **देको, मिवा, इतापाके जग्गा एकीकरण आयोजना सम्बन्धी घर लाईन र साविक क्षेत्रफल बमोजिम नक्सा पास सम्बन्धी प्रस्ताव** निर्णयार्थ सभामा पेश गर्नु भयो र सर्वसम्मतिबाट देहाय बमोजिमको उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित भंएको घोषणा गर्नुभयो :

देको–मिवा–इतापके जग्गा एकीकरण आयोजना सम्बन्धी घरलाईन र साविक क्षेत्रफल बमोजिम नक्सा पास सम्बन्धी प्रस्ताव

देको–मिवा–इतापके जग्गा एकीकरण आयोजना क्षेत्रमा मिति २०८२ आश्विन ३१ गतेसम्मको समयावधिभित्र दर्ता भएका विविध समस्या तथा गुनासो निवेदनहरुको विभिन्न मितिमा सुनुवाई भई २०८२।१२।१५ गते भनपा सभा कक्षमा गुनासोकर्ताहरुको वृहत भेलामा आयोजना पूर्व नगरपालिकाको नियमानुसार नक्सा पास गरी बनाएको घरहरु अनियमित जस्तै देखियो भनी गुनासो आएको र उक्त कित्ताहरुको हकमा घर पुनः निर्माण गर्दा साविक निर्माण भएको क्षेत्रफल भन्दा कम हुन गएमा र निजलाई अन्य ठाउँमा थप जग्गा प्रदान नगरेमा साविक बमोजिम नै घर निर्माण गर्न पाउनु पर्ने उपस्थित अधिकांश उपभोक्ताहरुबाट सुझाव आएकोले आयोजना पूर्व नगरपालिकाको नियमानुसार नक्सा पास गरी निर्माण भएको घरहरुको हकमा साविक क्षेत्रफल बमोजिम घर निर्माण गर्ने तथा घरलाईन अनुसार नक्सा पास गरी निर्माण गर्न पाउने गरी सुविधा दिने यस नगरपालिकाको मिति २०८३।२।२८ गतेको कार्यपालिका बैठकको निर्णय सर्वसम्मतिबाट अनुमोदन गरियो ।

७. सभाध्यक्ष श्री प्रजापतिले भ.न.पा. ७ का वडा अध्यक्ष श्री उकेश कवांलाई **भक्तपुर नगरपालिकाका कर्मचारीहरुको म्याद थप, तलवी प्रतिवेदन, विकास निर्माण र योजनाहरुको फरफारक सम्बन्धी विविध प्रस्तावहरु** सभा समक्ष पेश गर्न समय प्रदान गर्नुभयो र वडा अध्यक्ष श्री कवांले उक्त विविध प्रस्तावहरु सभा समक्ष पेश गर्नुभयो ।

८. सभा अध्यक्ष श्री प्रजापतिले देहाय बमोजिमको कर्मचारीहरुको म्याद थप, तलवी प्रतिवेदन, विकास निर्माण र योजनाहरुको फरफारक सम्बन्धी विविध प्रस्तावहरु प्रस्तावहरु पारित गर्न सभामा पेश गर्नुभयो र सभाले देहाय बमोजिमका विविध प्रस्तावहरु सर्वसम्मतिले पारित गरेको घोषणा गर्नु भयो :

१. आ.व. २०८२/०८३ को २०८२ श्रावण १ गतेदेखि २०८३ असार २९ गतेसम्मको नगर कार्यपालिकाको बैठक, विभिन्न समितिहरु, उपसमितिहरु, नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतबाट भए गरेका सम्पूर्ण निर्णय, आदेश र काम कार्वाही नगर सभाबाट पारित गरियो ।

२. यस न.पा.को लागि प्राविधिक सल्लाहकार, कानूनी सल्लाहकार र अन्य आवश्यक सेवा र प्राविधिक सेवा, इन्जिनियरिङ्ग सेवा, पशु सेवा, कृषि सेवा, सहकारी सेवा, कार्यालय सहयोगी, माली, सवारी चालक, सरसफाई मजदुर, नकर्मी, इलेक्ट्रिसियन, डकर्मी, सिकर्मी, पेन्टर आदि प्राविधिक पदहरु आवश्यकता अनुसार सेवा करारबाट लिने प्रस्ताव पारित गरियो ।

३. यस नगरपालिकामा कार्यरत अस्थायी, सेवा करार, मासिक ज्यालादारी र दैनिक ज्यालादारीका जनशक्तिहरुलाई आवश्यकता अनुसार आ.व. २०८३/०८४ का लागि म्याद थप गर्ने र सेवा सम्झौतामा आवश्यक संशोधन गरी नविकरण गर्ने कार्यपालिकाको निर्णय अनुमोदन गरियो ।

४. यस न.पा. मा कार्यरत नगर सरसफाईको ठेक्काहरुको आवश्यकता अनुसार ठेक्का सम्झौता संशोधन गरी २०८४ आषाढ मसान्तसम्म ठेक्का अवधि थप गर्ने प्रस्ताव पारित गरियो ।

५. यस नगरपालिकाको नियमित नगर सभा बसेको समय बाहेकको समयमा नगर सभाबाट गर्ने सम्पूर्ण काम कार्वाही गर्नको लागि नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने प्रस्ताव पारित गरियो ।

६. यस न.पा.को आ.व.२०८३/०८४ को लागि सम्पूर्ण कर्मचारीहरुको पेश भए बमोजिमको तलवी प्रतिवेदन पारित गरियो ।

७ यस नगरपालिकाको आ.व २०८३।०८४ मा स्वीकृत तथा सम्पन्न विकास निर्माण र सम्पदासँग सम्बन्धित योजना, आयोजनाहरुको जाँचपास तथा फरफारक गर्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्नु भयो ।

९. सभा अध्यक्ष श्री प्रजापतिले बैठक आधा घण्टाको लागि स्थगित भएको जानकारी गराउनु भयो ।

१०. सभा अध्यक्ष श्री प्रजापतिले बैठक पुनः शुरु गर्नु हुँदै विधायन समितिका संयोजक श्री हरि राम सुवालले पेश गर्नु भएको **भक्तपुर नगरपालिकाबाट कर तथा गैर कर राजस्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८३** माथिको छलफल आरम्भ भएको जानकारी गराउनु हुंदै छलफलमा भाग लिन चाहनु हुने सभासदहरुलाई नाम टिपाउन र टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

११. छलफलमा भाग लिनु हुंदै **सभासद श्री.राम सुन्दर बासी**ले उक्त विधेयकमा उल्लेख भएको बाक्यांश गैर कर राजस्व, करको सिद्धान्तबारे प्रष्ट पार्नुपर्ने, कर निर्धारणको लागि कर्मचारीको तजविजबारे प्रष्ट पार्नुपर्ने, व्यवसायमा लगानी गरेको पूँजीको आधारमा कर निर्धारण गर्नुपर्ने र व्यवसाय निरीक्षण टोलीमा वडा निरीक्षकलाई पनि समावेश गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

१२. छलफलमा भाग लिनु हुंदै **सभासद श्री.नारायण प्रसाद त्वानाबासु**ले यस नगरपालिकाको यस भन्दा अगाडि संकलन गर्दै आएको कर र राजस्व कुन ऐन अनुसार संकलन गर्दै आएको स्पष्ट पार्नुपर्ने, सम्पत्ति कर संकलन सम्बन्धमा घर र घरले चर्चेको जग्गाबारे प्रष्ट पार्नुपर्ने, भूमि कर र मालपोत कर सम्बन्धमा चर्चेको जग्गाको विषयमा प्रष्ट पार्नुपर्ने, सरकारी जग्गामा बनेको घर टहराको बहाल कर, व्यवसाय कर लगायतका विभिन्न करहरु लिने/नलिनेबारे प्रष्ट पार्नुपर्ने विचार व्यक्त गर्नु भयो ।

१३. **भक्तपुर नगरपालिकाबाट कर तथा गैर कर राजस्व लगाउने उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८३** माथिको छलफल भाग लिनु हुने सभासदहरुको जिज्ञासालाई स्पष्ट पार्न विधायन समितिका संयोजक श्री हरिराम सुवाललाई समय प्रदान गर्नु भयो । र संयोजक श्री सुवालले सभासदहरुको जिज्ञासा स्पष्ट पार्नुभयो ।

१४. सभा अध्यक्ष श्री प्रजापतिले **भक्तपुर नगरपालिकाबाट कर तथा गैर कर राजस्व लगाउने उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८३** पारित गर्ने प्रस्ताव सभा समक्ष पेश गर्नुभयो र उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित भएको घोषणा गर्नुभयो ।

१५. सभा अध्यक्ष श्री प्रजापतिले **भक्तपुर नगरपालिका, भौतिक पूर्वाधार तथा निर्माण मापदण्ड सम्बन्धी विनियम २०६० माथिको संशोधन** सम्बन्धी अधिकार नगर कार्यपालिका बैठकलाई प्रत्यायोजन गर्ने प्रस्ताव पेश गर्न विधायन समितिका संयोजक श्री हरिराम सुवाललाई समय प्रदान गर्नु भयो र संयोजक सुवालले उक्त संशोधन प्रस्ताव सभा समक्ष पेश गर्नुभयो ।

१६. सभाअध्यक्ष श्री प्रजापतिले देहाय बमोजिमको **भक्तपुर नगरपालिका, भौतिक पूर्वाधार तथा निर्माण मापदण्ड सम्बन्धी विनियम २०६० माथिको संशोधन** सम्बन्धी अधिकार प्रत्यायोजन प्रस्ताव निर्णयार्थ सभा समक्ष पेश गर्नुभयो र उक्त अधिकार प्रत्यायोजन प्रस्ताव सर्वसम्मतिबाट पारित भएको घोषणा गर्नुभयो :

भक्तपुर नगरपालिका, भौतिक पूर्वाधार तथा निर्माण मापदण्डसम्बन्धी विनियम २०६० परिच्छेद ५ को विशेष व्यवस्थासम्बन्धी बुँदामा देहाय बमोजिम बुदा नं. १४ थप गरिएको छ।

'यस विनियमको परिच्छेद ५ को विनियम ५.५९ मा उल्लेख गरिए बमोजिम नदी किनाराबाट छोड्नु पर्ने दुरीसम्बन्धी व्यवस्था कार्यपालिकाबाट आवश्यक संशोधन तथा थपघट गर्न सकिनेछ।'

१७. **सभा अध्यक्ष श्री प्रजापतिद्वारा भक्तपुर नगरपालिकाको बीसौं नगर सभा उद्घाटन समारोहका प्रमुख अतिथि, विशेष अतिथि गण, बुद्धिजीवी, सञ्चारकर्मी, कर्मचारी, नगरबासीलगायत नगर सभा सफलतापूर्वक सम्पन्न गर्न योगदान पुऱ्याउनु हुने सभासदहरुलाई समेत धन्यवाद ज्ञापन गर्नु हुँदै भक्तपुर नगर पालिकाको बीसौं नगर सभा सम्पन्न भएको जानकारी गराउनु भयो।**